हुप्सेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झ्यालबास,न.प

**आन्तरिक आयतर्फको बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०७७/०४/१३**
**दोस्रो पटक प्रकासित मिति :-२०७७/०५/२४**
**तेस्रो पटक प्रकासित मिति :-२०७७/०८/२४**
**चौथो पटक प्रकासित मिति :-२०७७/१०/१९**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ)को ६ मा व्यवस्था भए बमोजिम यस हुप्सेकोट गाउँपालिकाको आ.व. २०७७/०७८ को जेठ मसान्त सम्मका लागि देहायबमोजिम को आन्तरिक आय सम्बन्धी ठेक्का बन्दो वस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस गाउँपालिका बाट तोकिएको दर रेटमा गाउँपालिका बाट तोकिएको शर्तहरुको अधिनमा रही ठेक्का लिन इच्छुक (मू.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७७/०७८ सम्मको फर्म नविकरण आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्र भएका) फर्म कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी देहाएको समय भित्र शिलवन्दीबोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ । अन्य थप जानकारीको लागि कार्यलय समय भित्र यस गाउँपापिलकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काविवरण**

| आय ठेक्का नं. | ठेक्का विवरण | संकलन/उत्खनन् गर्नुपर्ने अधिकतम परिणाम (घनमि.) | संकलन/उत्खनन् गर्नुपर्ने कूलअधिकतम परिणाम (घनफिट.) | जम्मा न्यूनतम अंक रु. | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| Hup/Ncb/Rev/०६/०७७/०७८ | पत्थर खोला | २६१६९ | ९२३४३९ | ६४,६४,०७९/- | कबोल अंकको कम्तिमा ५% (पाँचप्रतिशत) | ३,०००/- |

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३०औं दिन सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयका वेभसाइटwww.bolpatra.gov.np/egpमार्फत प्राप्तगरि e–biddingको सम्पूर्ण प्रक्रिया पुरा गरि ३१ औं दिनको १२ बजे भित्र सोहि वेभसाइट मार्फत दाखिला गर्नुपर्नेछ । ३१ औं दिन सम्म प्राप्त बोलपत्रहरु सोहि दिन २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक प्रमाणपत्र (कम्तिमा घ वर्ग, स्थायी लेखानम्बर पान, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्रवापतको दस्तुर तिरेको प्रमाण, ५ प्रतिशत धरौटी दाखिला भएको प्रमाण,फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि २०७८ साल जेठ मसान्त सम्म रहनेछ । ठेक्का अवधिमा बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन। ।EEप्रतिवेदनले निषेध गरेको अवधिमानदी क्षेत्रबाट सामाग्रीउत्खनन् गर्न पाइने छैन।

४. माथि उल्लिखित सबै ठेक्काहरु कबोल अङ्कको थप मूल्यअभिवृद्धि कर(१३ प्रतिशत) र अग्रिमआयकर (१.५ प्रतिशत) राजस्व ठेक्कालिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. धरौटीबापतको बोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालय को हुप्सेकोट स्थित एन सि सि बैंकमा रहेको बैंक खाता नं. १४६०००००३०८०१ म नगद दाखिला गरेको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश

गर्नुपर्नेछ । सो e-bidding Systemमा धरौटीबापतको रकम न्युनतम रकम उल्लेख भएकोले धरौटीबापतको रकम यसै सुचना बमोजिम हुनेछ ।धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटीनियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

६. बोलपत्रखरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयका`हुप्सेकोट स्थित एन सि सि बैंकमा रहेको बैंक खाता नं. १४६०००००३१२०१मा वा यस कार्यालयको राजश्वशाखामादाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

७. कारणजनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्यहुने छैन । साथै रित नपुगीआएको बोलपत्रउपर कुनै कारवाहीहुन छैन ।

९. ठेक्कामा कुनै विवाद भएमा हुप्सेकोट गाउँपालिकाका`निर्णय अन्तिम हुनेछ।

१०. बोलपत्रमा कबोल रकमअंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ ।अंङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. नदिजन्यपदार्थ निकासि गर्ने बाटो मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ र खर्च दाविगर्न पाइने छैन । पुलको दाँया-बाँया ५०० मिटरसम्म र खोलाको दायाँबायाँ रहेको कुलो, नहर, तटबन्धको ५०मिटर भित्र उत्खनन गर्न पाइने छैन ।

१२. सूचनामा उल्लेखित खण्डहरुको GPS Points निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुदा वा कानुनबमोजिम निषेधित क्षेत्र परि GPS Pointsफरक हुने विषयको जानकारी र सो सम्वन्धि कागजातहरु कार्यालय बाट प्राप्तगर्न सकिनेछ ।

१३. बोलपत्र साथ रहने जानकारी तथाशर्तहरु यसै सूचनाको शर्तसरह मान्यहुनेछन् ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानूनरगाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

१५. अन्य थपजानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत